**प्रश्न नं. ३९**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.४६३६ देखि ४७५७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

आशबहादुर बजगाईंको जाहेरीले नेपाल सरकार
बिरुद्ध
झापा जिल्ला बनीपानी गा.पा. वडा नं २ बस्ने सरिता बजगाइ

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- २०७५।८।१ गतेका दिन राती १० बजे झापा जिल्ला बनीपानी गा.पा. वडा नं २ बस्ने रामबहादुर बजगाई मदिरा सेवन गरी घरमा आई पत्नी सरिता बजगाई र छोरा अशोक बजगाईलाई कुटपिट गर्दा छोरा र श्रीमतिले धकेला धकेल गर्दा राम प्रसाद बजगाईको मृत्यु भएको हुदाँ कर्तव्य ज्यान मुद्दामा कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको आश बहादुर बजगाईको जिल्ला प्रहरी कार्यालय झापामा दिएको जाहेरी दरखास्त ।
- दुवै आँखा र टाउको पछाडी राती आई भुईमा लडेको भन्ने लासजाँच मुचुल्का ।
- मृत्युको कारण hypovolemic shock due to splenic rapture coma due to intracranial hemorrhage भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोर्ट ।
- राम बहादुर थापा र रिना कुमारी बस्नेतको मौकामा गरेको कागज
- म छोरा अशोक बनगाई र म सरिता बजगाईलाई मर्ने पतिले कुटपिट गर्न खोज्दा धकेला धकेला हुँदा टाउको टेबलमा बजारिन गई टाउको र आँखाबाट रगत आएको हो । जानी जानी कुटपिट गरी मारेको होईन समेत व्यहोराको अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।
- राम प्रसाद बजगाईलाई आफनै पत्नी सरिता बजगाई र छोरा अशोक बजगाईले आफनै घरमा कुटपिट गरी मारेको हुँदा मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- झापा जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत ईलाममा प्रस्तुत गरेको पुनरावेदन पत्र